**सूर्योदय नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,**

फिक्कल, इलाम

**सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८०/०४/१२)

सूर्योदय नगर कार्यपालिकाको मिति २०८०/०४/१० गतेको पहिलो बैठक (०८०/८१) को निर्णय अनुसार सूर्योदय नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासीहरूको व्यवस्थापन गर्न नाप नक्साङ्कन कार्यका लागि तपशिल बमोजिमको रिक्त पदको सेवा करारमा पदपुर्तिका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले सात (१५) दिनभित्र माग बमोजिमका विवरण सहित यस कार्यालयमा आवेदन दिनुहुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद/ तह | तह | सेवा | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्र.०१/०८०/०८१ | सर्भेक्षक | सहायकस्तर पाँचौ | ईञ्जिनियरिङ्ग | १ | |

क) **आवेदनको दस्तुर :** रु. ५०।– **परीक्षा दस्तुर:** रु. ७००।–

ख) **न्यूनतम योग्यता :** मान्यता प्राप्त शैक्षिक संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सोसरह उत्तीर्ण गरी सर्भे वा जियोमेट्रिक्स विषयमा ३ वर्षे प्रविणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तिमा १ वर्षको जुनियर नापि तालिम प्राप्त गरेको ।

ग) **छनौटको किसिम :** लिखित परीक्षा र अन्तर्वार्ता ।

घ) **सेवा सुविधा :** सूर्योदय नगरपालिकाको निर्णय बमोजिम ।

ङ) **दरखास्त दिने स्थान :** सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फिक्कल, इलाम ।

च) **दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशन भएको मितिले १५ औं दिन कार्यालय समयभित्र । सो दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन कार्यालय समयभित्र ।

छ) **सम्पर्क मिति :** २०८०/०४/२९ गते ।

ज) **परीक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ ।

झ) **आवेदन साथ संलग्न कागजातहरु :** राजश्व तिरेको रसिद सहित आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

- नेपाली नागरिकताको प्रमाणपत्र
- शैक्षिक योग्यताको लव्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- योग्यता र अनुभवको प्रमाणपत्र
- हालसालै खिचिएको २ प्रति पासपोर्ट आकारको फोटो

ञ) **उमेरको हद :** दरखास्त दिने अन्तिम दिनसम्म १८-३५ वर्ष उमेर समूहले आवेदन दिन सक्नुहुनेछ ।

ट) आवेदनको ढाँचा, पाठ्यक्रमको ढाँचा लगायत अन्य जानकारीका लागि नगरपालिकाको कार्यालय, फिक्कलमा वा फोन नं. ०२७-५४०४७३, मा सम्पर्क राख्नुहोला वा वेवसाइट www.suryodayamun.gov.np मा हेर्नुहोला ।

०८०।४।१२

**मिलन भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**